जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

मिति : २०७७।११।०२

# आ.व. २०७८/७९ का लागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धि सूचना !

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ सो को नियमावलीतथाप्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालननिर्देशिका, २०७५ (पहिलो संशोधन, २०७७ सहित) बमोजिमआर्थीक वर्ष २०७८।७९मा न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने इच्छुक १८-५९ वर्ष उमेर समुहका बेरोजगार व्यक्तिले आफु स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धीत वडा कार्यालयमा **मिति २०७७फागुन महिना भित्रमा** बरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा सम्बन्धीत वडा कार्यालय, रोजगार सेवा केन्द्र, जोशीपुर तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट निशुल्क प्राप्त गर्न सकिने छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमको सोच विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन न्यूनतम रोजगारी प्रदान गरी सहयोग पुर्याउने भएकोले सोही बमोजिमका व्यक्तिहरुलाई निवेदन दनको लागि अनुरोध गरिन्छ, साथै सूचीकरणको लागि निवेदन दिदा निवेदक र निजका परिवारको यथार्थ र निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नुहुन अनुरोध गरिन्छ ।

## निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु :

१) निवेदकको १ प्रति नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
२) निवेदकको १ प्रति पासपोर्ट साईजको फोटो ।
३) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, नाता, जन्ममिति, नागरिकता नं., जारी मिति तथा जिल्ला ।
४) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यको शैक्षिक योग्यता, सिप, दक्षता तथा रोजगारीको अवस्था (स्वदेश/विदेश/स्वरोजगार) ।
५) स्थायीबसोबास खुल्ने आवश्यक कागजातको प्रतिलिपिः (ना.प्र. पत्र अन्यत्रबाट जारी भएको भए बसाईसराइ प्रमाणपत्रको प्रतिलिपि र ना.प्र. पत्रमा स्थायी ठेगाना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि) ।
६) कुल वार्षिक पारिवारिक आय, परिवारका सबै सदस्यहरुले सामाजिक सुरक्षाकोष, अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता या आम्दानी लिएको नलिएको विवरण ।
७) यदीनिवेदक वैदेशिक रोजगारीबाट फर्किएको वाश्रम स्वीकृतीलिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा तपसिल बमोजिमको विवरण ।

देश .................................................. पासपोर्ट नं. ..............................................

विदेशमा गरेको काम संग सम्बन्धित सीप ..........................................................................

८) निवेदनमा उल्लेखीत सम्पुर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र सूचिकृत गरिने छ ।

**थप जानकारीको लागि सम्बन्धीत वडा कार्यालय तथा रोजगार सेवा केन्द्र जोशीपुरमा सम्पर्क गर्न सकिने छ ।**

प्रमुख प्रशासकीय अधिकृत

कमल राज उपाध्याय

शुसीला देउबा
रोजगार संयोजक

कमल राज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत